annapurnapost.com

अन्नपूर्ण पोस्ट


वर्ष २३, अंक २३५ पृष्ठ ८ | काठमाडौं, सोमबार १५ पुस २०८१ | पौष कृष्णपक्ष औंसी नेपाल संवत् ११४५ | MONDAY, DECEMBER 30, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## बिरामी बोक्न पनि छैनन् पुरुष

# मनै कटक्क पार्ने यो तस्बिर

**सामाजिक सञ्जालमा आइतबार एउटा तस्बिर 'भाइरल' भयो, बिरामीलाई बोकेर महिलाले उपचारका लागि लैजाँदै गरेको। उक्त तस्बिरले मन कटक्क खायो। खोज्दै जाँदा मुगुको रहेछ। यो तस्बिरले सिंगो समाजको अवस्था चित्रण गरेको छ। गाउँको अवस्था बोलेको छ। त्यसैकारण, हामीले तस्बिरमाथि स्टोरीको खोजी गर्‍यौं। गाउँ त रित्ता भइसकेछन्। युवा जति मुग्लान, महिला र पाका मात्रै गाउँमा। विकास गाउँ पुग्यो, गाउँले युवा अड्याउन सकेन। त्यसैले गाउँ-गाउँ जस्ता रहेनन्। सुनसान र शून्य बने।**



बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*
जीवन सेजुवाल | *मुगु*
– को रिपोर्ट

समाचार पृष्ठ २

गाउँमा पुरुष नभएपछि बिरामीलाई स्वास्थ्यचौकीमा उपचारका लागि लैजाँदै खत्याड-३ माथिखर्कका महिलाहरू।
● तस्बिर सौजन्य : कमल कार्की

### सहकारी ऐन संशोधन अध्यादेश

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन हुँदै



**ममता थापा** | *काठमाडौं*

सहकारीमा देखिएका समस्या समाधानका लागि भन्दै सरकारले अध्यादेश जारी गरेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' जारी गरेका हुन्।

३१ लाख बढी सहकारीलाई नियमन गर्ने निकाय नहुँदा बचत तथा ऋण सहकारीमा कारोबार अपारदर्शी थियो। सञ्चालकको मनलाग्दी थियो, निक्षेपकर्ताको अर्बौं अपचलन भएको थियो। सरकारले अब संघ, प्रदेश र स्थानीय तहमा कार्यक्षेत्र भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न 'राष्ट्रिय सहकारी नियमन प्राधिकरण' गठनको व्यवस्था अध्यादेशमा राखेको छ।

प्राधिकरणले बचत तथा ऋण सहकारीहरूको सम्पूर्ण नियमन, सुपरिवेक्षणको काम गर्ने उल्लेख छ। यससँगै अध्यादेशले हालसम्म देखिएका थुप्रै समस्यालाई समाधान गर्न मार्गदर्शन गर्ने सरकारको भनाइ छ। संघीय संसद्को अधिवेशन चालु नरहेकाले अध्यादेश जारी गर्नुपरेको सरकारको भनाइ छ।

### अध्यादेशमार्फत भएका परिवर्तन

- संघ, प्रदेश र स्थानीय तहमा कार्यक्षेत्र भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न 'राष्ट्रिय सहकारी नियमन प्राधिकरण' गठन गर्ने। उक्त प्राधिकरणले बचत तथा ऋण सहकारीहरूको सम्पूर्ण नियमन, सुपरिवेक्षणको काम गर्ने छ।
- प्राधिकरणको अध्यक्ष एवं एक जना विज्ञ सदस्य र एक जना चार्टर्ड एकाउन्टेन्टलाई सदस्यका रूपमा सरकारले नियुक्त गर्ने छ। नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक र मन्त्रालयको सहकारी क्षेत्र हेर्ने सहसचिव पनि प्राधिकरणको बोर्डमा सदस्य हुने छन्।
- अब एक जना व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी सहकारी संस्थामा सदस्य हुन सक्ने छैन। यसअघि एउटा स्थानीय तहभित्र मात्रै यो नियम लागू हुन्थ्यो। अब कुनै व्यक्तिको देशभरमा एकै प्रकृतिका धेरै संस्थामा आबद्धता छ भने एक वर्षभित्र एउटा संस्थामा मात्रै सदस्यता कायम गर्नुपर्ने छ।

» बाँकी पृष्ठ ६

## दक्षिण कोरियामा बोइङ दुर्घटना, १७९ को निधन

**काठमाडौं** (अन्नपूर्ण) : १ सय ८१ यात्रु बोकेको जेजु एयरको विमान दक्षिण कोरियाको मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा आइतबार बिहान दुर्घटना भएको छ। दुर्घटनामा १ सय ७९ यात्रुहरूको मृत्यु भएको पुष्टि भएको छ। दुई जनाको उद्धार गरिएको छ। तीमध्ये २२ जनाको सनाखत भएको एजेन्सीले जनाए। थाइल्यान्डको बैंककबाट फर्किएको उक्त विमान विमानस्थलमा अवतरणको क्रममा दुर्घटनाग्रस्त भएको त्यहाँको राष्ट्रिय समाचार एजेन्सी योनहापले जनाएको छ। १ सय ७५ यात्रु र ६ जना चालक दलका सदस्य बोकेको जेजु एयरको बोइङ ७३७-८०० विमान अवतरण गर्ने क्रममा दुर्घटनामा परेको थियो।

विमान धावनमार्गबाट बाहिर निस्केर मुआन अन्तर्राष्ट्रिय विमानस्थलको दक्षिणपश्चिममा रहेको पर्खालमा ठोक्किएको योनहाप समाचार एजेन्सीले जनाएको छ। विमानमा सवार यात्रुहरूमा १ सय ७३ दक्षिण कोरियाली र दुई थाई नागरिक रहेको पनि योनहापले जनाएको छ। योनहापका अनुसार विमानमा ३ वर्षदेखि ७८ वर्ष उमेरसमूहका यात्रु सवार थिए।

दुर्घटनाको कारण अझै थाहा हुन सकेको छैन। तर, स्थानीय सञ्चारमाध्यमले विमानको पखेटामा चरा ठोकिएका कारण दुर्घटना भएको हुन सक्ने बताएको उल्लेख छ। दुर्घटनाको सामाजिक सञ्जालमा अपलोड गरिएको अप्रमाणित फुटेजमा दुर्घटना स्थानीय समयअनुसार ९ बजेपछि भएको र विमान रनवे (धावनमार्ग) बाट चिप्लिएको र पर्खालमा ठोक्किएको देखाएको छ। अन्य फुटेजमा कालो धुवाँको ठूलो मुस्लो आकाशमा उडिरहेको देखाइएको छ।

दक्षिण कोरियाको दमकल एजेन्सीले दुर्घटनास्थलमा ८० दमकल र ३० भन्दा बढी दमकल तैनाथ गरिएको जनाएको छ। मुआन राजधानी सियोलबाट लगभग १ सय ७८ माइल (२८८ किमि) दक्षिणमा छ। हवाई सुरक्षाका हिसाबले दक्षिण कोरिया मजबुत मानिन्छ। सन् २००५ मा स्थापित दक्षिण कोरियाको सबैभन्दा कम लागतको एयरलाइन्समध्ये एक जेजु एयरको इतिहासमा नै यो पहिलो घातक दुर्घटना हो। पछिल्लो एक दशकमा दक्षिण कोरियाली एयरलाइन्सको पहिलो घातक दुर्घटना पनि हो।

# मानव विकास सूचकांकमा सबैभन्दा पछि मधेस प्रदेश

**गोविन्द महतो** | *जनकपुरधाम*

मानव विकास सूचकांकमा सबैभन्दा पछि मधेस प्रदेश रहेको प्रदेश सरकारको एक प्रतिवेदनले औंल्याएको छ। मधेस प्रदेश नीति तथा योजना आयोगले गरिबीको दर उच्च रहेको र मानव विकास सूचकांकमा मधेस प्रदेशको अवस्था निकै खस्किएको प्रतिवेदन आइतबार सार्वजनिक गरेको हो। मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकास जस्ता पक्ष मानव विकास सूचकांकमा पर्छन्।

आयोगको प्रतिवेदनमा बहुआयामिक गरिबीको दर मधेसमा २४.०२ प्रतिशत छ। गास, बास, कपासको समस्या र बिरामी हुँदा उपचार गराउन नसक्ने अवस्थालाई बहुआयामिक गरिबीको सूचीमा राखिन्छ। जसमा समग्र मुलुकको बहुआयामिक गरिबीदर २० प्रतिशत छ। बहुआयामिक गरिबीमा मधेस प्रदेश दोस्रो नम्बरमा छ। मधेसमा आर्थिक गरिबीदर २२.५३ छ। जसमा देशको समग्र आर्थिक गरिबीमा मधेस दोस्रो नम्बरमा छ। मानव विकास सूचकांकमा मधेस प्रदेश सबैभन्दा पछाडि रहेको तथ्यांकले देखाउँछ। मधेस प्रदेशमा समग्र गरिबीको दर र बहुआयमिक गरिबी दर आधार वर्ष (आव २०७५/०७६) मा क्रमश: २७.७ र ४७.९ प्रतिशत थियो।

त्यसमा सुधार भई आव २०७९/८० मा क्रमश: २२.५३ र २४.२ प्रतिशत पुगेको छ। जुन योजनाले समग्र गरिबीको दर २१ प्रतिशतमा झार्ने भनी लिएको लक्ष्यभन्दा कम हो। त्यस्तै विकास सूचकांक ०.४२१ बाट ०.५१९ मा वृद्धि भएको छ। तर, मानव विकास सूचकांकमा मधेस अरू प्रदेशभन्दा पछाडि रहेको तथ्यांकले देखाउँछ। महोत्तरी र रौतहटको अवस्था सबैभन्दा कमजोर छ। पहिलो आवधिक योजनाले प्रतिव्यक्ति आय १ हजार अमेरिकी डलर पुर्‍याउने लक्ष्य लिएकोमा आव २०७९/८० सम्म ८७५ अमेरिकी डलर मात्र पुगेको अनुमान छ। मधेस प्रदेशको प्रथम आवधिक योजनाले योजना अवधिमा औसत वार्षिक आर्थिक वृद्धिदर ९.० प्रतिशत हुने प्रक्षेपण गरिएको थियो।

योजना अवधिको पहिलो वर्षदेखि नै विश्वव्यापी फैलिएको कोभिड १९ र त्यसपछि रुस युक्रेन युद्धको



कारण विभिन्न वस्तुको आपूर्ति शृंखला खलबलिएको र पेट्रोलियम पदार्थलगायतका वस्तुमा भएको मूल्य वृद्धिको असरले आर्थिक वृद्धिदरको लक्ष्य हासिल हुन नसकेको प्रतिवेदनमा उल्लेख छ।

आन्तरिक तथा बाह्य कारणले गर्दा योजना अवधिमा औसत आर्थिक वृद्धिदर २.५ प्रतिशतमा सीमित हुने अनुमान छ। योजना अवधिको अन्तिम वर्ष आर्थिक वृद्धिदर ३.८ प्रतिशतमा सीमित रहने प्रारम्भिक अनुमान छ। थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योजना अवधिको औसत वृद्धिदर ऋणात्मक छ भने उत्पादनमूलक उद्योगको वृद्धिदर न्यून छ।

आधार वर्ष २०७९/८० मा मधेस प्रदेशको आर्थिक वृद्धिदर १.५ प्रतिशत थियो। प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ८६८ अमेरिकी डलर पुग्ने अनुमान थियो। त्यस्तै, आर्थिक वर्ष २०८०/०८१ मा मधेश प्रदेशको आर्थिक वृद्धि ३.८ प्रतिशत रही प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ८९२ अमेरिकी डलर पुग्ने अनुमान छ।

» बाँकी पृष्ठ ६